जङ्गली च्याउहरू विषालु पनि हुन सक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।
खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं
अमूल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ असार १९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 03 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०५


## दुईवटा रनवेसहितको विमानस्थलको निर्माण चाँडै शुरू हुने -प्रम देउवा

जीतलाल श्रेष्ठ, निजगढ, १८ असार/

नेपाली काङ्ग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवालगायत सत्ता गठबन्धनका शीर्ष नेताहरूले असार १५ अर्को विकल्प नभएकोले सुविधासम्पन्न विमानस्थलका लागि आवश्यक निर्माण कार्य अघि बढाउँदै छिट्टै काम शुरू हुने विश्वास दिलाए । अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणसँगै राजधानी काठमाडौं जोड्ने निर्माणाधीन द्रुतमार्गसँग पनि यसको अन्तरसम्बन्ध रहेको बताए । चिन्ता व्यक्त गरे । उनले विमानस्थल निर्माण गर्दा प्रभावित हुने बस्तीको उचित व्यवस्थापन गर्दै र रूख कम मासेर काम शुरू गर्नुपर्ने सुझाए । उनले काठमाडौंको


तस्वीर: प्रतीक

गते सर्वोच्च अदालतको पूर्ण पाठमा दिइएको राय अनुसार कमभन्दा कम रूख मासेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बन्ने बताएका छन् ।

निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको नेपाली सेनाको हेलिकप्टरमार्फत निरीक्षणपछि फास्ट ट्र्याक निर्माणका लागि स्थापना गरिएको नेपाली सेनाको क्याम्प जीरो किलोमिटरमा शनिवार आयोजित कार्यक्रममा प्रम देउवाले शुरूमा दुईवटा रनवे तयार गरी अन्तर्राष्ट्रिय उडान भर्ने गरी सुविधासम्पन्न विमानस्थल निर्माण गर्ने बताए । उनले आजको आधुनिक युगमा हवाईमार्गबाट नै विश्वसँग निरन्तर सम्बन्धबाट नै व्यापार, पर्यटन, रोजगार बढ्ने बताए । उनले नेपाललाई अन्तर्राष्ट्रिय पहुँचमा लैजान निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणबाहेक

सर्वोच्च अदालतको रायलाई पालना गर्दै आफ्नो सरकार र गठबन्धन दलहरू एकमत भएकाले नै आफू निरीक्षणमा आएको उनले प्रस्ट्याए । रूखबिरुवा, वन्यजन्तु, पर्यावरणलाई जोगाउँदै मास्नै परे कमभन्दा कम क्षति र क्षतिको शोधभर्ना हुने गरी मात्र काम अघि बढाउने प्रम देउवाले प्रतिबद्धता जाहेर गरे ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणले मुलुकको विकास, आर्थिक समृद्धि, रोजगार सिर्जना हुने उनको भनाइ थियो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल नेपाल र नेपालीहरूका लागि 'ड्रिम प्रोजेक्ट' भएको र यसको विकल्प पनि नभएको बताए । उनले निजगढ

पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सर्वोच्च अदालतको पूर्ण पाठको रायलाई मनन गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका आफूहरू अढाई दशकदेखि लागिपरेको बताए ।

नेता नेपालले आवश्यकताभन्दा बढी नाजायज माग राखेर विरोध गर्ने, चलखेल गर्ने काम बन्द गर्न सबैसँग आग्रह गरे । नचाहिंदो मागले निर्माण कार्य समस्यामा पर्ने र राष्ट्रिय गौरवको आयोजना निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण योजना अयन्त्र जान सक्ने चेतावनी दिए ।

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले छिमेकी मुलुक भारतमा ५० वटाभन्दा बढी अन्तर्राष्ट्रिय विमानस्थल भएको तर यहाँ एउटा बनाउन पनि दशकौं लागिसकेको भन्दै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले नेपाली हवाई चापलाई अहिले त थेग्न गाह्रो भइरहेको अवस्थामा आगामी दिनमा त झनै ठूलो समस्यासँगै चुनौती आइलाग्ने भन्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको अर्को विकल्प नभएको बताए ।

राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले सर्वोच्च अदालतलाई सम्मान गर्दै निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण राष्ट्रिय आवश्यकता भएकोले सबै मिलेर काम सम्पन्न गर्नुपर्ने बताए ।

टोलीमा अर्थमन्त्री जनार्दन शर्मा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठ, वन तथा वातावरणमन्त्री रामसहाय यादव, खानेपानीमन्त्री उमाकान्त चौधरी, वाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेलगायतको सहभागिता थियो ।

## बारा-पर्साका दुई स्थानमा आठ महिलासहित १४६ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १८ असार/

पर्सा र बारामा शनिवार आयोजित रक्तदान कार्यक्रममा आठजना महिलासहित १४६ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।



बाराको जीतपुरसिमरा उपमहानगर-७ शान्तिटोलमा शान्ति युवा विकास मञ्चले आयोजना गरेको रक्तदान कार्यक्रममा आठजना महिलासहित १२१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

सो कार्यक्रममा सुशील शर्मा, मनोज पुडासैनी, मनीता दुलाल, सलमान खान, सुनील सहनी, अभय क्षत्री, राधेश्याम साह, राजकुमार राई, योगेश अधिकारी, मुकेश राउत, सरोज साह, अरबाज अन्सारी, अरुण सिंह, अभिनय गुप्ता, पार्वती थरुनी, रमा थापामगर, सावित्री अधिकारी, कल्पना श्रेष्ठ, प्रीति सरकारलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।

यसैगरी, पर्साको पकहामैनपुर गाउँपालिकामा आयोजित रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख पाण्डेले बताए ।

पकहामैनपुरस्थित श्रीरामचरित्र भगत उच्च मावि परिसरमा पकहामैनपुर



युवा सञ्जालको सहकार्यमा समाज परिवर्तन नेपालले आयोजना गरेको रक्तदान कार्यक्रममा अकलेशकुमार साह, महम्मद हवारी, रोशन सहनी, देवलाल साह, अकलेश पटेल, नरेश सहनी, जमील अख्तर, टेकबहादुर विश्वकर्मा, प्रेमबहादुर माली, पृथ्वीनारायण वर्णवाललगायतले रक्तदान गरेका थिए ।

## रोपाइँको समयमा बालबालिकाहरूको पठनपाठन प्रभावित

ओमप्रकाश चौधरी, सेढवा, १७ असार/

पर्साको ग्रामीण भेगमा वर्षेबाली शिक्षकहरूले बताए । विद्यालय जाने समयमा पानी पर्नाले पनि विद्यार्थीहरूको अवस्थाभन्दा अहिले करीब २० प्रतिशतले विद्यार्थीको उपस्थितिमा कमी आएको


तस्वीर: फाइल

धानको रोपाइँ शुरू भएसँगै यस क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयमा निरन्तर विद्यार्थीको उपस्थिति घट्दै गएको छ । सामान्य अवस्थाभन्दा धान रोपाइँको समयमा विद्यार्थीको उपस्थिति पचास प्रतिशतसम्म कम हुने गरेको उपस्थितिमा कमी आएको शिक्षकहरूले जनाएका छन् ।

यस सम्बन्धमा सखुवाप्रसौनी गाउँपालिका वडा नं १ स्थित नेरामावि, सिरही सथवलका प्रधानाध्यापक दीलिप बुढाथोकीका अनुसार सामान्य बताए । अहिले धान रोपाइँ शुरू भएकोले उपस्थितिमा खासै असर नपरे पनि रोपाइँ पूर्णरूपमा लागेपछि पचास प्रतिशत विद्यार्थी विद्यालय नआउने प्र अ बुढाथोकीले बताए ।

रोपाइँको समयमा उमेर अनुसार खेत तथा घरका काममा विद्यार्थीहरू व्यस्त हुने हुँदा विद्यालयमा उनीहरूको उपस्थिति कम हुने गरेको छ । अलि बढी उमेरका बालबालिका खेतमा बीउ उखेल्ने, कोदालो चलाउने, आली बाँध्ने, बीउ ओसार्ने, खाना तथा खानेपानी पुऱ्याउने काममा लाग्छन् भने साना उमेरका बालबालिकालाई घरको रेखदेख, ससाना बाबुनानीको हेरचाह, घरआँगन बढार्ने, भाँडाबर्तन माझ्ने, गाईभैंसी, बाख्रा चराउने काममा लगाउने गरिएको छ ।

जगरनाथपुर गाउँपालिका वडा नं १ का किसान किशुन महतो नुनियाले हामी किसानका लागि रोपाइँको बेला निकै व्यस्त रहनुपर्ने भएकाले हप्ता/१० दिनका लागि बाबुनानीहरूलाई विद्यालय नपठाउने गरेको बताए । अहिले रोपाइँको समयमा खेतको कामकाजमा एकदमै व्यस्त भएकाले घरका सामान्य कामका लागि बाबुनानीलाई लगाएको उनले बताए ।

यता सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूले विद्यार्थीहरूको उपस्थिति विवरण दिन मानेनन् । दैनिकरूपमा सञ्चालन हुँदै आएको दिवाखाजाको रकम कट्टा हुने डरले विद्यार्थीहरूको विवरण नदिएको जनाइएको छ ।

## जनभावनाविपरीत काम गरेको भन्दै निवर्तमान अध्यक्ष दण्डित

प्रस, वीरगंज, १८ असार/

पकहामैनपुर गाउँपालिकाका निवर्तमान अध्यक्ष विजय चौरसियासहित नौजना जनप्रतिनिधिलाई जिल्ला अदालत, पर्साले दोस्रोपटक दण्डित गरेको छ । गापाका अध्यक्ष चौरसियालगायत १५ जनालाई पहिलोचोटि जनही नौ सय रुपैयाँ दण्डित गरेपछि पीडित पक्षले पुनरावेदन गरेको थियो । उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले रिट खारेज




जिल्ला अदालत, पर्साका न्यायाधीश विष्णुप्रसाद अर्यालको इजलासले असार १६ गते पूर्वअध्यक्ष चौरसियालगायत नौजनालाई जनही पाँच हजार क्षतिपूर्ति तथा १० हजार जरिवाना गरी १५ हजार रुपैयाँ दण्ड गरेको अधिवक्ता निजामुद्दीन राउत गद्दीले बताए । जिल्ला अदालत, पर्साले २०७६ वैशाख १ गते पकहामैनपुर गरेपछि उनीहरू सर्वोच्च अदालतमा पुगेका थिए ।

तत्कालीन पकहामैनपुर गापाका अध्यक्ष चौरसियाले सोही गापा निवासी नन्दलालप्रसाल चौहानलगायतको निजी जग्गाको उचित मुआवजा नदिई सडक बनाउन खोजेपछि पीडित पक्षले रोक्दा

(बाकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**यदि हाम्रो जीवनमा सत्यता छ भने त्यसको असर स्वतः मान्छेहरुमाथि पर्नेछ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्वार्थ समूहको चेपुवामा निजगढ विमानस्थल

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**सरकारले यो योजना बनाउन नसक्ने हो भने कानूनी गतिरोध हटाएर बाहिरी लगानीकर्तालाई भित्रिने सहज वातावरण बनाइदिनुपर्दछ । होइन भने दर्जनौं गौरवका योजनामा बजेट छरेर गाईजात्रा देखाउनुभन्दा अन्यत्र रकम घटाएर कुनै एक योजनालाई गति दिने गरी बजेट व्यवस्था गर्नुपर्दछ, यसको सुरुआत निजगढ विमानस्थलबाटै गर्नु सापेक्ष हुन्छ ।**

हामीकहाँ एकथरी यस्तो जमात छ, जो मानिसको जीवनभन्दा जङ्गली जनावर र बुट्यानको जीवनलाई बढी महत्त्व दिन्छ। यसको तात्पर्य वातावरणको अवमूल्यन कदापि होइन । वातावण र विकासलाई समानान्तर गतिमा अघि बढाउने विषयमा भने तथ्यमा आधारित बहस हुन पाएको छैन। विकासका लागि वातारणाको अन्धाधुन्ध विनाश र वातावरणको नाममा विकासमा अवरोध, यी दुवै अतिवादी सोच हुन् ।

बाराको निजगढ विमानस्थल यस्तै सोच र चिन्तनको शिकार बनेको गौरवको आयोजना हो । सरकारले गौरवको सूचीमा राखिसकेपछि त्यसको स्वाभाविक गतिमा कुनै खालका अड्चन नआउनुपर्ने हो। तर गौरवका योजना नै लज्जाको उदाहरण बनिराखेको परिदृश्यमा निजगढ विमानस्थलको निर्माणमा अवरोधलाई पनि सामान्यीकरण गर्न सकिने नै भयो ।

सर्वोच्च अदालतले गत जेठ १२ गते निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउन नपाइने परमादेश जारी गरेको भनियो । फैसलाको पूर्ण पाठले पर्याप्त अध्ययन गरेर न्यून पर्यावरणीय क्षतिमा बनाउन सक्ने गरी निर्णय गरेको समाचार सञ्चारमाध्यममा आए । अदालतको एउटै फैसलाका दुईथरी समाचारले अन्योल त उत्पन्न भयो नै, सरकारले गौरवका योजनामा देखाएको सुस्त गतिले निम्त्याएको परिणति पनि प्रमाणित भयो/भइराखेको छ । निजगढ विमानस्थल निर्माण रोक्ने आदेश फिर्ताको माग गर्दै प्रदर्शनका काम पनि भए । विगतमा समेत यो पूर्वाधारलाई पूर्णताको दबाब दिन अनशन र धर्ना भएकै हुन्। हुन नसकेको त विमानस्थलको निर्माण मात्रै हो ।

कतिसम्म भने निजगढ विमानस्थललाई काठमाडौंपछिको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भनिएको थियो। बाराको सिमरामा राखिएको यसको सम्पर्क कार्यालयको बोर्डमा अहिलेसम्म पनि यही उल्लेख होला। तर भैरहवाको गौतम बुद्ध विमानस्थल दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा सञ्चालनमा आइसकेको छ। पोखरा विमानस्थल पनि केही समयपछि सञ्चालनमा ल्याउने तरखर शुरू भइसकेको छ । जबकि यसअघि भैरहवा र पोखरालाई क्षेत्रीय विमानस्थलको दर्जा दिइएको थियो ।

निजगढ विमानस्थल निर्माणको योजना करीब साढे दुई दशकअघिदेखिको हो । त्यस बेला नेपालका विभिन्न सम्भावित क्षेत्रमा विमानस्थलको सम्भाव्यता अध्ययन भएकोमा निजगढ सबैभन्दा उपयुक्त स्थानको रूपमा छनोटमा परेको थियो । अहिले पनि भारतको आकाश हुँदै आउने अन्तर्राष्ट्रिय उडानहरू सिमराको आकाश हुँदै नेपाल प्रवेश गर्दछन् । यतिसम्म कि भैरहवा विमानस्थलमा जाने उडानसमेत सिमरा हुँदै त्यतातिर जान्छन्। यस्तोमा सिमरासँगै जोडिएर रहेको निजगढ काठमाडौंसँग पनि नजीकको दूरी रहेकाले उपयुक्त हुन सक्छ। सँगैको काठमाडौं–तराई द्रुतमार्ग निर्माण भएमा यो दूरी ७६ किलोमिटरमा छोटिन्छ। यो भनेको विमानस्थलका लागि सामान्य दूरी हो । सन् २०१५ भित्र यो विमानस्थल बनाइसक्ने भनेको थियो, तर अहिलेसम्म मुआवजाको विषय पनि टुङ्गो लागिसकेको छैन । करीब चार खर्ब रुपैयाँ खर्च अनुमान गरिएको यो महत्त्वाकाङ्क्षी संरचनामा १० वर्षमा एक अर्ब रुपैयाँ बल्लतल्ल खर्च भएको छ ।

अध्ययनले काठमाडौंको अन्तर्राष्ट्रिय विमानस्थलले सन् २०१९ पछि उडान र अवतरणको चाप धान्न नसक्ने देखाएको मात्र होइन, अहिले त्यो अवस्थाको सामना भइराखेकै छ। ट्राफिक जामका कारण जहाज घण्टौं आकाशमा फन्को लगाइराख्नुपर्ने बाध्यता छ । यसले गर्दा जोखिम त बढेको छ नै, भाडा पनि महँगो परेको छ। निजगढ विमानस्थलमा दैनिक दुई लाख यात्रु आवागमनको क्षमता तयार हुने भएपछि यसले सङ्घीय राजधानीमा रहेको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलको चाप घटाउन अत्यन्तै सहज हुनेमा आशङ्का आवश्यक छैन ।

सरकारले गौरवको योजना घोषणा गर्ने, न आफैं लगानी गर्न सक्ने, न बाहिरका लगानीकर्तालाई विश्वासमा लिएर काममा लगाउन सक्ने पारा हरेकजसो विकास पूर्वाधारको विडम्बना हुन् । यो विमानस्थलमा पनि भारत, चीन र दक्षिण कोरिया, स्वीट्जरल्यान्डलगायतका लगानीकर्ताले चासो देखाएर पनि पछि हात झिके । विकास योजनामा अनावश्यक राजनीतीकरण र कानूनी बखेडाको प्रवृत्ति नै लगानीकर्ता आकर्षित नहुनुको मूल कारण हो। विगतमा लगानी बोर्ड, राष्ट्रिय योजना आयोग र विभागीय मन्त्रालयको क्षेत्राधिकारको तानातानमा जेलिएको योजना पछिल्लो समय कानूनी दाउपेचमा अल्झिन पुग्यो ।

आठ हजार हेक्टर वनक्षेत्रका २४ लाख रूख काटिने भन्दै विरोध पनि अर्को पक्ष हो । तर आठ हजार हेक्टरमध्ये चार हजार हेक्टर मात्र प्रयोग हुने र विमानस्थल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन तीन लाख ३४ हजारभन्दा बढी रूख मास्नु नपर्ने अधिकारीहरूले बारम्बार स्पष्ट पार्दै आएका छन् । चार हजार हेक्टरमा काटिने रूखको सट्टा १२ हजार हेक्टरमा वृक्षारोपण गरिने योजना पनि बनेकै हो । संसद्को विकास समितिले कानून संशोधन गरेर भएपनि काम अघि बढाउन सरकारलाई निर्देशन दिएको थियो। यो निर्देशन कुन कुनामा थन्किएको होला, यसै भन्न सकिने अवस्था छैन ।

विमानस्थल र सँगैको अर्को गौरवको काठमाडौं–तराई द्रुतमार्गलाई एकअर्काको पूरक योजनाका रूपमा हेरिएको छ । द्रुतमार्ग बनेपछि निजगढबाट काठमाडौंको दूरी डेढ घण्टामा छोटिने र यो दूरी विमानस्थलको लागि सामान्य हुने भएपछि निजगढ विमानस्थलको व्यावसायिक सम्भाव्यता बढ्ने थियो । योजना अनुसारको विमानस्थल निर्माण भएमा यो संसारकै तेस्रो ठूलो विमानस्थल हुने छ। सङ्घीय राजधानीलाई द्रुतमार्गबाट जोड्न सक्दा यो विमानस्थलको सम्भावना अझ अभिवृद्धि हुनेमा आशङ्का आवश्यक छैन । यो अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय विमानस्थलको तुलनामा बढी सहज र सम्भाव्यतायुक्त हुने देखिन्छ ।

खासमा सरकारले पछिल्लो समय भैरहवा र पोखरा विमानस्थललाई प्राथमिकतामा राखेर निजगढलाई थोरै बजेट दिएको देखिएको छ । सामान्य प्रशासनिक खर्चबाहेक बजेट आएको छैन। यतिसम्म कि निजगढ तयार नहोउन्जेल सिमरा विमासस्थलको विस्तार र स्तरोन्नति गरेरै भएपनि अन्तर्राष्ट्रिय उडानयोग्य बनाउन सकिने थियो । यो प्रस्ताव सरोकारका पक्षले गरेका थिए, तर सरकारले सुनेन ।

समय लम्बिँदै जाँदा निर्माणको लागत पनि बढ्दै गएको छ। तीनवटा टर्मिनल बनाउने भनिएकोमा त्यसको लागि शुरूमा लगानीम रुचि देखाएको दक्षिण कोरियाको ल्यान्डमार्क वर्ल्डवाइड कम्पनीले चार वर्षमा विमानस्थल सञ्चालनमा ल्याउन सकिने निष्कर्षसहित सरकारलाई प्रतिवदेन बुझाएको थियो । त्यो कम्पनीले तीन चरणमा एक खर्ब १५ अर्ब रुपैयाँ खर्च लाग्ने अनुमान गरेको थियो। तर अहिले चार खर्ब रुपैयाँ लाग्ने बताइन थालेको छ। केही वर्षअघि भएको एक अध्ययनले वार्षिक ३० अर्ब रुपैयाँ बजेट छुट्याएमा पाँच वर्षमा पहिलो टर्मिनल सञ्चालनमा आउन सक्ने देखाएको थियो । आठ वर्षमा दोस्रो र १२ वर्षमा तीनवटै टर्मिनल सञ्चालनमा ल्याइसक्ने योजना थियो ।

सरकारले आगामी आर्थिक वर्ष २०७९/८० को लागि २६ करोड मात्र बजेट छुट्याएको छ । सरकारले यो योजना बनाउन नसक्ने हो भने कानूनी गतिरोध हटाएर बाहिरी लगानीकर्तालाई भित्रिने सहज वातावरण बनाइदिनुपर्दछ। होइन भने दर्जनौं गौरवका योजनामा बजेट छरेर गाईजात्रा देखाउनुभन्दा अन्यत्र रकम घटाएर कुनै एक योजनालाई गति दिने गरी बजेट व्यवस्था गर्नुपर्दछ, यसको सुरुआत निजगढ विमानस्थलबाटै गर्नु सापेक्ष हुन्छ ।

# कर्मजन्य संस्कारबाट मुक्ति

पूर्णिमाको दिन थियो । पूर्णचन्द्रको ज्योत्स्नाले जल, थल, नभलाई प्रकाशित गरिरहेको थियो । शुभ्र आकाश त्यस दिन अतिशुभ्र देखिएको थियो। किनभने निशिपति (चन्द्रमा) ताराहरूको पुष्पहार लगाएर गगनविहार जो गरिरहेका थिए। उनी आफ्ना सहस्र रश्मीकणद्वारा चारैतिर जुनेली छरिरहेका थिए । यस उज्ज्वल धवल जुनेलीको संस्पर्शले तल तालको शुभ्रता अझ सम्मोहक लागिरहेको थियो । तालको आरोह–अवरोहले तरङ्गित लहरमा जुनेलीको नृत्य हृदयाकर्षक देखिन्थ्यो । यस्तो लाग्दथ्यो मानौं आज निशिपति आफ्ना समस्त जुनेली समेटेर यस तालमा अवतरण गरेका छन्। जसरी तालको पारिपट्टि उभिएको पर्वतशिखरमा चन्द्रमाको जुन व्याप्त थियो, त्यसैगरी रत्नालीको मनमा महावृषप्रति आत्मीयता पनि व्याप्त थियो ।

**हामीले जे गरिरहेका छौं, जे सोचिरहेका छौं, जुन भाव हामीभित्र पलाइरहेको छ, तिनको तीव्रता एवं दिशाअनुरूप हाम्रो चित्तभूमि परिवर्तित हुन्छ, हाम्रो स्वभाव परिवर्तन हुन्छ, हाम्रो प्रकृति परिवर्तित हुन्छ । त्यस प्रकृति–परिवर्तनअनुरूप नै हाम्रो भावी जन्मको योनिको निर्धारण हुन्छ ।**



महावृष महात्मा थिए, तर उनको यस संसारसँग कर्मभोग पूर्णतः मेटिइसकेको थिएन । उनको एउटा संस्कार अझ विद्यमान थियो र उनी यस संस्कारलाई बडो यत्नपूर्वक निमिटचान्न गर्न प्रयासरत थिए। उनको संस्कारको सम्बन्ध रत्नालीसँग थियो । रत्नाली उनकी पोषित कन्या थिइन् । हरिद्वारको कुम्भमा उनी आफ्ना गुरुसँग आएका थिए। उनका गुरुमहाराजले सधैं उनीसँग भनिरहन्थे– "पुत्र अहिले तिम्रा लागि योग–साधनाको मार्ग प्रशस्त भएको छैन। अहिले त तिमीले केही सांसारिक कार्य पूरा गर्नुछ ।" महावृषले भनेका थिए– "गुरुदेव ! म त सबै छोडेर तपाईंको शरणमा आएको छु र अब मेरो मनमा संसारप्रति कुनै आकर्षण पनि छैन भन्ने कुरा तपाईंलाई पनि थाहा छ ।" गुरु चाहिं भन्दथे– "वत्स ! तिम्रो कुरा त मलाई थाहै छ, त्यसैले त भन्दछु कि तिमीले यस संसारमा आफ्नो अन्तिम दायित्व निर्वहन गर्नुपर्छ ।"

महावृष सदा आफ्ना गुरुको सेवामा निरत रहन्थे। गङ्गापारि एउटा कुटियामा उनी बस्दथे । एउटा कुटिया गुरुमहाराजको थियो र दोस्रो उनको । त्यसो त त्यहाँ अरू कुटिहरू पनि थिए, जहाँ देश–विदेशका विभिन्न ठाउँबाट सन्त–महात्मा आएर बसेका थिए। एक दिन ब्रह्ममुहूर्तको बेला उनी आफ्ना गुरुसँग गङ्गास्नान गर्न गइरहेका थिए। बाटोमा एउटी दुई वर्षकी शिशुकन्याको रोदन सुनेर उनी झस्किए, तर उनका गुरु शान्तभावले उनलाई हेरिरहेका थिए। महावृषले भने– "गुरुदेव ! लाग्दछ यी शिशु–कन्याको आफ्ना मातापितासँग बिछोड भएको छ । यिनलाई तुरुन्त आफ्नो मातापितासँग भेट गराउने प्रयास गर्नुपर्छ ।" गुरुले भने– "हो वत्स ! यदि भेटिन्छन् भने यस कन्यालाई उसका आमाबुबाकहाँ पुर्‍याइदेऊ ।" महावृषले अथक प्रयास गरे, तर कन्याका आमाबुबाको पत्तो लागेन। उनी फर्केर आफ्ना गुरु नजीक आएर भने– "हो गुरुवर ! यी कन्याको अब के हुन्छ ? यिनको देखरेख कसले गर्छ ?"

उनका गुरुले भने– "वत्स ! यी कन्या नै तिम्रो यस संसारबाट मुक्तिको साधन हुन्। यिनको रेखदेख गर, पालनपोषण गर । आजदेखि यी कन्या तिम्री पोषित पुत्री भइन् र यिनको नाम भयो रत्नाली। अब तिमी जाऊ र आफ्नो चित्तको यस संस्कारको विसर्जन गर ।" महावृषको काखामा दुई वर्षकी रत्नाली थिइन् । उनले भने– "हे गुरुदेव ! यस संसारलाई त मैले धेरै पहिले नै छोडेर आइसकेको छु। अब मेरो यस संसारमा कोही पनि छैन, यिनलाई लिएर म कहाँ जाउँ ?" उनका गुरुले भने– "पुत्र ! संस्कारले आफ्नो मार्ग आफैं खोज्छ। यसको चिन्ता न गर। जाऊ सबै कुरा ठीक हुन्छ। हो मेरो र तिम्रो, स्थूल जीवनमा यो अन्तिम भेट हो, तर चिन्ता न गर मेरो आशीर्वाद सदैव तिम्रो साथ रहनेछ ।"

महावृषले त्यस मनोहर ताललाई हेर्दै गर्दा बीस वर्ष पहिलेको घटनाको सम्झना भयो र उनको आँखाबाट आँसु छचल्कियो। अब रत्नाली बाइस वर्षकी भइसकेकी थिइन्। उनको अध्ययन पनि पूरा भइसकेको थियो । महावृषलाई अनुभूति भइरहेको थियो, उनको समय समाप्त हुने बेला भइरहेको छ, अब उनको संस्कार खण्डित हुनेवाला छ। रत्नाली चाहिं बुबा आफ्नालागि चिन्तित छन् भन्ने बुझिरहेकी थिइन्। उनले भनिन्– "बाबा ! परिवर्तन जीवनको नियम हो। जीवनमा परिवर्तन कुन रूपमा हुन्छ ?" महावृषले भने– "पुत्री ! यसलाई बुझ्नका लागि हामीले आध्यात्मिक दृष्टिले विचार गर्नुपर्छ। यसमा पहिले दृश्य परिवर्तन हुन्छ– परिस्थितिहरूको परिवर्तन। यस परिवर्तनले हाम्रो जीवनमा शुभ तथा अशुभ घटनाक्रम उत्पन्न हुन्छ, जुन एउटा निश्चित अवधिसम्म चल्छ । यी घटनाक्रमको यथार्थ कारण हुन्छ– हाम्रो चित्तभूमिमा शुभ वा अशुभ कर्म एवं संस्कारहरूको उदय । यिनको पहिलो प्रभाव हाम्रो मनःस्थितिमा पर्दछ, पछि हाम्रो परिस्थिति परिवर्तन हुन थाल्छ ।"

रत्नालीले भनिन्– "बाबा ! यसको तात्पर्य हो कि हाम्रो परिस्थितिमा परिवर्तनको कारण हाम्रो चित्तभूमिमा हुने परिवर्तन हो ।" महावृषले भने– "हो पुत्री ! तिमीले ठीक बुझ्यौ । परिवर्तित परिस्थितिमा हाम्रो कर्म, भावना, विचार तथा सङ्कल्पको ऊर्जाले चित्तमा व्यापक परिवर्तन ल्याउँछ। जब चित्तको प्रकृति यसअनुरूप परिवर्तित हुन्छ र वर्तमान शरीरको प्रारब्ध पूर्ण हुन्छ अनि नयाँ प्रारब्ध एवं चित्तको परिवर्तित दशाका अनुसार जीवात्माले नयाँ जन्म पाउँछ। यस नयाँ जन्ममा, नयाँ परिस्थितिमा, नयाँ घटनाक्रमले आकार ग्रहण गर्दछ।"

रत्नालीले भनिन्– "बाबा ! के यो अन्तिम जन्म हो ?" महावृषले भने– "हो पुत्री ! तिमी नै मेरो जीवनको अन्तिम कडी हौ। यसपछि फेरि कर्मानुसार जन्म हुनेछैन । सङ्कल्प अनुसार जन्म हुनेछ ।"

रत्नालीले भनिन्– "बाबा ! प्रकृति–परिवर्तन कसरी हुन्छ ? के यसका अनुरूप हाम्रा भावी जन्मको योनि निर्धारण हुन्छ ?" महावृषले भने– "पुत्री ! तिमी ठीक बुझिरहेकी छौ। हाम्रो शुभ–अशुभ कर्म, भाव र विचारको कारणले नै हाम्रो प्रकृतिमा परिवर्तन हुन्छ । हाम्रो नकारात्मक एवं सकारात्मक दृष्टिकोण तथा हामीद्वारा सम्पन्न तामसिक, राजसिक एवं सात्त्विक साधनाहरू पनि यसका कारण बन्दछन् । हामीले जे गरिरहेका छौं, जे सोचिरहेका छौं, जुन भाव हामीभित्र पलाइरहेको छ, तिनको तीव्रता एवं दिशाअनुरूप हाम्रो चित्तभूमि परिवर्तित हुन्छ, हाम्रो स्वभाव परिवर्तन हुन्छ, हाम्रो प्रकृति परिवर्तित हुन्छ। त्यस प्रकृति–परिवर्तनअनुरूप नै हाम्रो भावी जन्मको योनिको निर्धारण हुन्छ। हामी कुन योनिमा जन्म लिन्छौं, यसको निर्धारण हाम्रो जन्मभूमिको व्यवस्था, अवस्था तथा हाम्रो प्रकृतिमा तम, रज अथवा सत्को सघनताअनुरूप नै हुन्छ।"

रत्नालीले भनिन्– " बाबा ! जस्तो हाम्रो प्रकृति हुन्छ, के त्यसैअनुरूप योनि पाइन्छ ?" महावृषले भने– "पुत्री ! तमस्को सघनतामा पशु, कीटक, पिशाच आदि बन्दछन् । यसको सघनताअनुरूप नै कीट–पतङ्गको योनिमा जन्म हुन सक्छ। कूकर–शूकर योनिमा पनि जन्म हुन सक्छ। गाई, सिंह, हात्ती आदि पशु योनिमा जन्म हुन सक्छ। प्रकृतिअनुरूप यक्ष, गन्धर्व आदि उपदेवको योनि अथवा देवयोनिमा जन्म हुन सक्छ । प्रकृति परिवर्तन अनुसार, त्रिदेवको पार्षद्को रूपमा, ब्रह्मलोक, विष्णुलोक अथवा शिवलोकमा पनि गमन हुन सक्छ। यो सबै निर्भर गर्दछ–जीवात्माको प्रकृतिमा, जुन उसका शुभाशुभ कर्मका कारण प्राप्त हुन्छ।"

रत्नालीले भनिन्– "बाबा ! योनि कहिले प्राप्त हुन्छ ?" महावृषले भने– "पुत्री हाम्रो जीवनशैलीमा तम, रज, सत् अनुरूप हाम्रो चित्तभूमि व्यवस्थित भइरहन्छ। हामी जानी–नजानी आफ्नो प्रकृतिलाई परिवर्तित गरिरहन्छौं। हाम्रो हिंसा, लालसा, आक्रोश, वासना, चाहना र हाम्रो सङ्कल्पले चित्तभूमिलाई आफूअनुरूप कुँद्दै–ढाल्दै रहन्छन्। हाम्रा शुभ कर्म, सकारात्मक सोच हाम्रो तप हो।" रत्नालीले भनिन्– "बाबा ! मलाई थाहा छ, मेरो विवाह भएपछि हजूर मुक्त हुनुहुन्छ, हजूरको संस्कार खण्डित हुन्छ। मलाई बताइदिनुस् कि म यस जन्ममा यस्तो के गरूँ कि मेरो भावी जीवन भक्तिभावपूर्ण बनोस्। म आफ्नो प्रत्येक सासमा भगवान्को उपस्थिति अनुभव गर्न चाहन्छु।"

महावृषले भने– "पुत्री ! भगवान्प्रति भाव त अहिले पनि तिमीभित्र छ, तर भगवान्को भएर बाँच्नका लागि तिमीले अर्को जीवन लिनुपर्छ । यस जीवनका साथ केही सीमा, केही कर्तव्य छन् । तिमी सतत् सत्कर्म गर, कुनै चाहना र इच्छाबेगर, आफ्नो विचार श्रेष्ठ बनाऊ, स्वाध्यायले सेवा एवं साधनाले भाव परिष्कृत गर्दै हिंड। यसले तिमीलाई यस्तो जीवन प्राप्त हुनेछ जीवनमा पलपल, क्षणक्षण भगवान्लाई अनुभव गर्न सक्छ्यौ।" महावृषले रत्नालीको एउटा योग्य संस्कारित परिवारमा विवाह गराई आफ्नो संस्कारबाट मुक्त भए र त्यसको केही दिनपछि आफ्नो पार्थिव शरीर त्याग गरिदिए । उनको भावी यात्रा सृष्टिको दोस्रो आयाममा सम्पन्न हुनु जो थियो ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# "अफगानिस्तानमा दैनिक दुईजना महिलाले आत्महत्या गर्छन्"

जेनेभा, १८ असार/एएनआई

अफगानिस्तानमा दैनिक एक/दुई जना महिलाले आत्महत्या गर्ने गरेको पाइएको छ।



अफगानिस्तानकी पूर्वउपसभामुख फोओजिया कुफी। तस्वीरः एएनआई

अफगानिस्तानकी पूर्वउपसभामुख फोओजिया कुफीले अवसरको अभाव र मानसिक समस्याका कारण उनीहरूले आत्महत्या गर्ने गरेको दाबी गरिन्।

महिलाले आत्महत्या गर्ने क्रम बढ्दै गइरहेकाले त्यसका बारेमा तत्काल गम्भीरतापूर्वक छलफल गर्नुपर्नेमा समेत उनले जोड दिइन्।

जेनेभामा भएको मानव अधिकार परिषद्को बैठकमा उनले अफगानिस्तानमा मानव अधिकार खोसिएकोले धेरै मानवीय समस्या उत्पन्न भएको बताइन्। त्यसमा पनि महिला अधिकारको अवस्था नाजुक रहेकाले त्यसका लागि तत्काल छुट्टै र विशेष काम गर्नुपर्नेमा जोड दिइन्।

तालिबान विद्रोहीले सत्ता लिएदेखि नै महिला अधिकार बढी कुण्ठित भएको पूर्वउपसभामुख कुफीले जानकारी दिइन्।

अफगानिस्तानमा महिलाले आत्महत्या गर्ने समस्या मात्रै छैन, धेरै युवती बेचिने गरेका छन्, उनले भनिन्।

उनका अनुसार महिलाले आत्महत्या गर्नु वा बेचिनुको पछाडि आर्थिक कारण मात्र नभई थप आशा र भरोसा गर्ने ठाउँ नदेख्नु पनि अर्को मुख्य कारण हो।

महिलालाई रोजगारमा प्रतिबन्ध लगाइएको, पठनपाठनमा कडाइ गरिएको, सार्वजनिक स्थलमा आवतजावत गर्न अनेक शर्त राखिएको, मुख छोप्नुपर्ने नियम बनाइएकोलगायतका कारणले महिला थिचोमिचोमा परेको उनको भनाइ छ।

उनले यसबारेमा ध्यानाकर्षण गराउँदा राष्ट्रसङ्घीय अधिकारी र अन्य अधिकारवादीले समेत चिन्ता व्यक्त गरेका थिए।

विशेषगरी मुस्लिम कानूनलाई कडाइका साथ कार्यान्वयन गर्ने तालिबान सरकारको नीतिका कारण महिला बढी मर्कामा परेका हुन्। अफगानिस्तानको तालिबान सरकारका सर्वोच्च नेता मुल्लाह हिबातुल्लाह अखुन्जादाले नै अफगानिस्तानमा इस्लामी कानून लागू गर्न आह्वान गरेका छन्।

अफगानिस्तानको स्वतन्त्रताका लागि र जनताको न्यायका लागि इस्लामी कानून लागू हुनुपर्ने उनको भनाइ छ। उनले इस्लामी कानून कार्यान्वयन गर्नु तालिबान सरकारको मुख्य कार्यभार हुने बताए।

सरकारको नेतृत्व गरेकाले नै इस्लामिक कानूनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिने गरेकाले अफगानिस्तानमा अहिलेको अवस्थामा तत्काल सुधार हुने सम्भावना न्यून देखिएको छ।

सन् १९९० देखि २००१ सम्म देशमा शासन गरेको तालिबानले गत वर्ष त्यहाँबाट अन्तर्राष्ट्रिय सेना फिर्ता भएपछि शासनसत्ता पुनः आफ्नो हातमा लिएको छ। तर नागरिकको अवस्थामा भने सुधार हुन सकेको छैन।

शासन प्रणालीलाई सच्याउँदै नागरिकको अवस्थामा सुधार ल्याउन विभिन्न देश तथा अन्तर्राष्ट्रिय समुदायले तालिबान सरकारलाई दबाब दिँदै आएका छन्। अफगान सरकारले भने आफूहरू सुध्रिने आश्वासन दिने गरे पनि व्यवहारमा बेवास्ता गरेको पाइएको छ। रासस

# युक्रेनलाई ८२ करोड डलर बराबरको सैन्य सहयोग घोषणा

वाशिङ्टन, १८ असार/एपी

संयुक्त राज्य अमेरिकाले युक्रेनलाई ८२ करोड डलर बराबरको नयाँ सैन्य सहयोग प्रदान गर्ने घोषणा गरेको छ। नयाँ सैन्य सहयोगमा जमीनबाट आकाशमा प्रहार गर्ने क्षेप्यास्त्र प्रणाली र रडारसहितका अन्य युद्ध सामग्री समावेश गरिएका छन्।

पछिल्ला दिनमा रूसले युक्रेनमा दर्जनौं क्षेप्यास्त्र प्रहार गरेर त्यहाँको जनजीवन अस्तव्यस्त पारेको छ भने युक्रेनी सेनामाथि पनि घण्टौंसम्म तोपगोलाले लगातार आक्रमण गरिरहेको छ। रूसी फौजको निरन्तर आक्रमणबाट भयभीत भएका युक्रेनी नेताले सार्वजनिकरूपमा पश्चिमा सहयोगीलाई तत्काल थप गोला बारुद र आधुनिक हातहतियार उपलब्ध गराउन गरेको आह्वानको जवाफमा अमेरिकाले नयाँ सैन्य सहयोगको घोषणा गरेको हो।

अमेरिकाले युक्रेनलाई हतियार र सैन्य प्रशिक्षणमा आठ अर्ब ८० करोड



युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्की। तस्वीरः फाइल

डलरभन्दा बढीको सैन्य सहयोगको प्रतिबद्धता गरेको छ।

रूसी सेनालाई परास्त गर्न अमेरिकासहितका पश्चिमा देशबाट युक्रेनले थप मदत मागेको थियो। उनीहरूले रूसी आक्रमणपछि करीब सात अर्ब डलरको सहायता घोषणा गरिसकेका छन्। शुक्रवार औपचारिकरूपमा घोषणा गरिएका अधिकांश सहायता युक्रेन पुग्न हप्ता वा महीना लाग्नेछ।

यसैबीच, युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले नयाँ सैन्य सहयोग घोषणा गरेकामा अमेरिकी राष्ट्रपतिप्रति कृतज्ञता व्यक्त गरेका छन्। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुसमाचार | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनलाभ |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – प्रगति | मकर – रोगभय |
| कुम्भ – यात्रालाभ | मीन – शत्रुपराजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट-पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


# पहिरोका कारण ३८ जना अझै बेपत्ता, खोजी जारी

गुवाहाटी, १८ असार/पिटिआई

भारतको मणिपुरमा पहिरोमा परी मृत्यु भएकाको सङ्ख्या बढेर २४ पुगेको छ।

रेलमार्ग निर्माण कार्य भइरहेको मणिपुरको नोनी भन्ने ठाउँमा घटना भएको हो। पहिरोमा परी शनिवारसम्म २४ जनाको मृत्यु भएको अधिकारीले जनाएका छन्।

उनीहरूका अनुसार पहिरोका कारण अरू ३८ जना अझै पनि बेपत्ता छन्। तीमध्ये १२ जना प्रादेशिक सेनाका व्यक्ति रहेका छन् भने २६ सर्वसाधारण रहेका छन्।

बेपत्ता भएका सबैको खोजी कार्य भइरहेको जनाइएको छ। खोजी तथा उद्धारका लागि सेना, आसाम राइफल्स, प्रादेशिक सेना, स्थानीय स्वयंसेवक, उद्धारकर्ता र सरकारी अन्य अधिकारी खटिएका छन्।

घटनास्थलबाट प्रादेशिक सेनाका १३ र स्थानीय बासिन्दा पाँचजनालाई उद्धार गरिएको छ।

मृत्यु भएकामध्ये प्रादेशिक सेनाका १८ र स्थानीय छ गरी २४ जनाको शव निकालिएको अधिकारीले जनाएका छन्। मृत्यु भएकामध्ये १४ जनाको शव आफन्तलाई बुझाइसकिएको छ। अरूको पनि पठाउने प्रक्रिया चलिरहेको जनाइएको छ। रासस

# सङ्क्रमण बढ्यो, भेरियन्टको नयाँ प्रजातिबारे अध्ययन हुँदै

काठमाडौं, १८ असार/रासस

पछिल्ला दिनमा कोरोना भाइरस सङ्क्रमणको ग्राफ उकालो लागेको छ।



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय। तस्वीरः फाइल

भारतमा सङ्क्रमण बढ्नु तथा नेपालमा नै सङ्क्रमण छैन जस्तो गरी स्वास्थ्यका मापदण्ड पालना नगर्नुजस्ता कारणले सङ्क्रमण बढेको पाइएको हो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले भारतमा सङ्क्रमण बढेसँगै नेपालमा पनि सङ्क्रमण बढेको बताए। उनका अनुसार ०.५ प्रतिशतसम्म झरेको सङ्क्रमणको दर अहिले छ प्रतिशत पुगेको छ। "भारतमा जुन हिसाबले सङ्क्रमण बढेको थियो। सोही अनुसार नेपालमा अहिले सङ्क्रमण धेरै नै बढेको हुनुपर्ने हो," उनले भने, "तर नेपालमा भने भारतमा जस्तो बढेको छैन।"

नेपालमा कोरोना भाइरसको सङ्क्रमण सबैभन्दा कम चारजनामा देखिएको थियो। सङ्क्रमण बढ्दा सक्रिय सङ्क्रमित पनि बढिरहेका छन्। अहिले २९७ जना सक्रिय सङ्क्रमित छन्। असार १ गते तीन हजार ९०५ जनाको परीक्षण गर्दा २५ जना सङ्क्रमण भएकामा हिजो असार १७ गते दुई हजार ८१४ जनामा परीक्षण गर्दा दोब्बरमा सङ्क्रमण देखिएको थियो। असार १७ गते ५० जनामा सङ्क्रमण देखिएको छ।

असार १६ गते ५५ जना, असार १५ गते ६२ जना, असार १४ गते ४४ जना, असार १३ गते ४१ जना, असार १२ गते २९ जना र असार ११ गते २७ जना सङ्क्रमित भएका छन्। अहिले २९१ जना होम आइसोलेशन, छजना संस्थागत आइसोलेशन र तीनजना सघन उपचार कक्ष (आइसियू)मा रहेका छन्।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले भारतमा सङ्क्रमण बढेका कारणले नेपालमा पनि बढेको जानकारी दिए।

भारतबाट नेपालमा आउने मानिसमा सङ्क्रमण देखिएको उनको भनाइ छ। "सङ्क्रमण बढे पनि ग्राफमा ठूलो नदेखिएको हो," उनले भने, "तर हामीले जनस्वास्थ्यका मापदण्ड पालना गर्नुपर्दछ।" उनले अहिले देखिएको सङ्क्रमणमा ओमिक्रोन भेरियन्ट (BA4 वा BA5U) प्रजातिको हो वा होइन भन्नेबारेमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा अणु वाङ्शिक (जीन सिक्वेन्सिङ) अध्ययन भइरहेको बताए। "अहिले देखिएका सङ्क्रमणमा ओमिक्रोन भेरियन्ट नयाँ हो वा होइन भनेर हामीले जीन सिक्वेन्सिङ गरिरहेका छौं," उनले भने, "एक/दुई दिनमा रिपोर्ट आएपछि थाहा हुन्छ।"

नेपालमा अहिलेसम्म ओमिक्रोनको BA2 प्रजातिको भेरियन्ट रहेको छ। उनका अनुसार अहिलेका बिरामीमा पहिलेका सङ्क्रमितलाई जस्तै सामान्य लक्षण रहेको छ।

# रासससका अध्यक्ष झालाई स्वतन्त्रता सेनानी सम्मान

काठमाडौं, १८ असार/रासस

राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा प्रेस स्वतन्त्रता सेनानी सम्मान–२०७८ बाट सम्मानित भएका छन्। नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा पाँचथरले बर्सेनि प्रदान गर्दै आएको सम्मानबाट यस वर्ष राससका अध्यक्ष झा सम्मानित भएका हुन्।

शाखाले आज पाँचथरको फिदिममा आयोजना गरेको सम्मान तथा पुरस्कार अर्पण समारोहमा अध्यक्ष झालाई कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले सम्मानपत्र, दोसल्ला तथा नगद पुरस्कारसहित सम्मान गरे। उक्त सम्मान पुरस्कारको राशि रु ३३ हजार ३३३ रहेको छ। नेपाल पत्रकार महासङ्घ केन्द्रीय समितिका पूर्वअध्यक्षसमेत रहेका झाले नेपालमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि पुर्‍याएको योगदानको कदर गर्दै शाखाले उक्त सम्मान प्रदान गरेको शाखा अध्यक्ष गिरिराज बाँस्कोटाले जानकारी दिए।

सम्मानपछि अध्यक्ष झाले उक्त



सम्मानले आफूलाई पुनः जिम्मेवारी बोध गराएको बताए। पत्रकारले प्राप्त गर्ने सबै सम्मान तथा पुरस्कारले पेशामा आबद्ध भई समाजको हितमा काम गरिरहन थप ऊर्जा, हौसला र प्रेरणा प्राप्त हुने उल्लेख गर्दै अध्यक्ष झाले उक्त सम्मान आफ्नोलागि ठूलो महत्त्व राख्ने बताए।

# चुइङ्गम पड्काएरै सके नेपालीले ४१ करोड

काठमाडौं, १८ असार/रासस

न त छाक टर्ने, न त पेट भरिने। नखाए पनि हुने अनावश्यक वस्तुमा समेत ठूलो मात्रामा पैसा खर्च हुने गरेको पाइएको छ।



स्वास्थ्यलाई फाइदा गर्ने भए त ठीकै पनि हो। कुनै पनि हिसाबले पनि अर्थ नभएको वस्तु आयात गरेर ठूलो मेहनत गरेर जम्मा पारेको विदेशी मुद्रा खर्च गर्नुपरेको छ। अनावश्यक र फजुल खर्चमा नेपाली कति अगाडि छन् भन्ने कुराको खास उदाहरण हो चुइङ्गम आयातको तथ्याङ्क। न औषधि नै हुने, न त अत्यावश्यक वस्तु। न त मुलुकमा नै उत्पादन हुन्छ। एकातिर विदेशी मुद्रा सञ्चिति घट्दो छ भने अर्कातर्फ यस्ता अनावश्यक वस्तुको आयात बढ्दो छ।

मुलुकको आर्थिक अवस्थाका बारेमा प्रायः सबैमा चेतना नभएको पनि होइन। तर पनि यस्ता अनावश्यक र विलासिताका वस्तुको आयातमा अर्बौं रकम बाहिरिरहेको तथ्याङ्क समय–समयमा सार्वजनिक हुने गरेको छ।

खेतबारीमा सहजै उत्पादन गर्न सकिने वस्तुदेखि अनावश्यक ठानिएका वस्तुको आयात गरेर ठूलो मात्रामा विदेशी मुद्रा खर्च गरेर नेपालीले आफैंलाई थप परनिर्भर बनाइरहेका छन्। यस्तै तथ्याङ्क भन्सार विभागले सार्वजनिक गरेको छ। विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्षको ११ महीनाको आयात निर्यातसम्बन्धी विवरण अनुसार जेठ मसान्तसम्म मुलुकमा १३ लाख दुई हजार १९५ किलो चुइङ्गम आयात भएको छ। एकाध मिनेटका लागि नेपाली समाजमा प्रचलित भनाइ जस्तै 'मुखको तीतो मेट्न'का लागि चपाइने त्यस्ता वस्तुको आयातका लागि मात्रै झन्डै रु ४१ करोड बराबरको लगानी गरिएको छ।

विभागका अनुसार सो परिमाणको चुइङ्गम आयात गर्न मुलुकबाट रु ४०

(बाँकी अन्तिम पातामा)

# भत्किएको घर विद्यार्थीहरूले बनाउँदै

बलिराम शुक्ला, बिरुवागुठी, १८ असार/

भूपू सैनिक बोर्डिङ स्कूल, बडनिहारका विद्यार्थीहरू हावाहुरीले भत्काएको मङ्गल तामाङको घर निर्माण कार्यमा खटेका छन् ।

विद्यार्थीहरूले आफ्नो खाजाको रकमबाट पर्सागढी नगरपालिका–३ बडनिहार निवासी तामाङको घर निर्माण गर्न लागेका हुन् । असार ३ गते राति आएको हावाहुरीले तामाङको घर भत्काएको थियो ।

सो स्कूलमा अध्ययनरत बिहानी बाल क्लब र जुनियर रेडक्रस टीमका विद्यार्थीहरूको पहलमा घर निर्माण कार्य शुरू भएको हो ।

कक्षा १० मा अध्ययनरत क्लबका अध्यक्ष सूर्य यादवले विद्यार्थीहरू मिली खाजा खाने रकम जम्मा गरी अतिदयनीय अवस्थाबाट गुज्रिरहेका तामाङको दुई कोठे घर बनाइदिन लागेको बताए । उनले घर निर्माणको लागि करीब ३५ हजार रुपैयाँको जस्तापाता खरीद गरेको र थप रकम सङ्कलन गरी घर निर्माण गर्ने बताए ।

विद्यार्थीहरूले घर निर्माणको लागि सामग्री सहयोग गर्नुका साथै श्रमदान पनि गरिरहेका छन् ।

विद्यालयका प्रअ मणिराम तामाङले विपत्मा परेकालाई विद्यार्थीहरूले गरेको सहयोगको सराहना गरे । उनले यस प्रकारको गतिविधि अन्य विद्यार्थीहरूले पनि गरेको खण्डमा समाजमा टेवा पुग्ने बताए ।


तस्वीरः प्रतीक


वीरगंजको घण्टाघर-माईस्थान मेनरोड शनिवार कालोपत्र गरिँदै । सडक विभाग अन्तर्गतको यो सडकखण्ड बिग्रिएपछि वीरगंज महानगरले सडक विभागसँग अनुमति लिएर कालोपत्र गर्दैछ । तस्वीरः नितेश कर्ण

# अस्पतालका बिरामीलाई फलफूल वितरण

प्रस, वीरगंज, १८ असार/

पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेसका पूर्वसभापति स्व गिरिजाप्रसाद कोईरालाको ९९औं जन्मजयन्तीको अवसरमा जिपी कोइराला फाउन्डेशन, पर्साले नारायणी अस्पतालमा फलफूल वितरण गरेको छ ।

अस्पतालमा उपचार गराइरहेका १८५ जना बिरामीलाई शनिवार फलफूल वितरण गरिएको फाउन्डेशनका अध्यक्ष मोहम्मद सहाबुद्दीनले बताए ।

कार्यक्रममा नेका पर्साका सभापति जनार्दन सिंह क्षत्री, मधेस प्रदेश महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठ, महाधिवेशन प्रतिनिधिहरू श्याम पटेल, दीनाप्रसाद गुप्ता, मिन्टुदेवी सिंह, क्षेत्रीय सभापति अरबिन्द गुप्ता, श्याम पोखरेललगायतको सहभागिता रहेको फाउन्डेशनका सचिव धीरज गुप्ताले बताए ।



# आतङ्क मचाइरहेको बाघ निकुञ्जको नियन्त्रणमा

चिरञ्जीवी सापकोटा, ठोरी, १८ असार/

विगत एक हप्तादेखि ठोरीको वडा नं १ मा आतङ्क मचाइरहेको पाटेबाघलाई चितवन राष्ट्रिय निकुञ्जबाट खटेको टोलीले नियन्त्रणमा लिएर कसरा लगेको छ ।

जङ्गलबाट गाउँ पसी घरपालुवा जनावरलाई सो बाघले मार्ने कार्य बढ्दै गएपछि उक्त बाघलाई नियन्त्रणमा लिन निकुञ्जको बगही सेक्टरका सहायक वार्डेन प्रमोद यादवको नेतृत्वमा आएको टोलीले केही दिनदेखि ठोरीमैं बसी बाघको खोजी कार्य गरेको थियो ।

यसै क्रममा दुई दिनअघि जङ्गलमा चर्न गएको गाई सो बाघले मारेको थाहा पाएको निकुञ्जको टोलीले आसपासमा पुनः बाघ आउन सक्ने सम्भावना रहेको भनी मचान निर्माण गरी बसेको थियो ।


नियन्त्रणमा आएको बाघलाई लग्दै निकुञ्जको टोली । तस्वीरः प्रतीक

आज बिहान उक्त गाईको सिनो खाएर केही पर सुतिरहेको अवस्थामा टोलीले बाघलाई नियन्त्रणमा लिएको हो ।

निकुञ्जबाट खटेको प्राविधिक टोलीले इन्जेक्शनको माध्यमबाट बाघलाई बेहोश बनाइ नियन्त्रणमा लिई चितवन राष्ट्रिय निकुञ्जको वन्यजन्तु एम्बुलेन्सद्वारा कसरा लगेको निर्मल ठोरी उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए । उक्त बाघलाई नियन्त्रणमा लिन एक हप्तादेखि तीनवटा हात्ती ठोरीमैं राखी खोजी कार्य गरिएको थियो ।

अन्दाजी १०/११ वर्षको उक्त भाले पाटेबाघ दिनदहाडै गाउँमा पसी घरपालुवा जनावरलाई मार्न थालेपछि गाउँ नै आतङ्कित बनेको स्थानीय युवा जगेन्द्र पौडेलले बताए ।

एक साताअघिदेखि गाउँ पसी आतङ्क मचाइरहेको पाटेबाघले बङ्गुर, बाख्रा, पाडा तथा गाईको हत्या गरेको थियो ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## चुइङ्गम पड्काएरै सके....

करोड ८४ लाख ६७ हजार रकम बाहिरिएको छ । नेपालमा विशेषगरी चीन, भारत र युरोपेली देशबाट चुइङ्गम आयात हुने गरेको छ । त्यस्तै, यस अवधिमा चकलेट र यससँग सम्बन्धित वस्तु आयातमा रु दुई अर्ब ८३ करोड ८८ लाख ८१ हजार बराबरको रकम बाहिरिएको छ ।

एघार महीनाको अवधिमा ८० लाख ६१ हजार ६३६ किलो चकलेट र चकलेट बनाउन प्रयोग हुने कच्चा सामग्री आयात भएको छ । यस्तै कुरकुरे, कुरमुरे, लेज, चिजबल्स जस्ता खानेकुराको आयातसमेत करोडौंमा हुने गरेको छ । ती खाद्य पदार्थको सेवन नगर्दा पनि नेपाली पछाडि पर्दैनन् । तर जसरी भएपनि खानैपर्ने भन्ने सोचका कारण विदेशी मुद्राको सञ्चिति घटाउन प्रयोग भइरहेको छ ।

चालू आवको पहिलो ११ महीनामा १४ लाख २४ हजार ३६९ किलो बराबरको त्यस्ता खानेकुरा आयात भएको छ । त्यसका लागि मात्रै मुलुकबाट रु ६६ करोड ६५ लाख २५ हजार बराबरको रकम बाहिरिएको छ । यस अवधिमा बिस्कुटजस्ता खानेकुराको आयातमा समेत अर्बौं रकम विदेशिने गरेको देखिन्छ । चालू आवको जेठ मसान्तसम्म रु एक अर्ब ३७ लाखभन्दा बढीका बिस्कुट आयात भएको छ ।

त्यस्तै, पापड रु १९ करोड ९४ लाख, मकैको खानेकुरा (कर्नफ्लेक्स) रु १८ करोड ४९ लाखमा आयात भएको विवरण छ । अनावश्यक ठानिएका यस्ता सामग्रीको आयातमा कडाइ गर्नुपर्ने माग पनि नउठेको होइन । तर सरकारी निकायले त्यसतर्फ ध्यान दिन सकेको छैन । अर्थमन्त्री जनार्दन शर्माले देशभित्रै उत्पादन हुने बिस्कुटको प्रयोग सरकारी निकायमा अनिवार्यरूपमा गर्न यसअघि नै प्रक्रिया अगाडि बढाइसकिएको बताएका छन् ।

विदेशी मुद्राको सञ्चिति ओरालो लागेको बेला अनावश्यक ठानिएका यस्ता वस्तुको तत्काल आयात प्रतिबन्ध लगाउनुपर्ने माग पनि उठेको छ । यी सामग्री अत्यावश्यक पनि नभएकाले सरकारले सामान्यरूपमा कडाइ गर्ने बित्तिकै नियन्त्रण भइहाल्ने सरोकारवालाको भनाइ छ ।

# सबैया साझेदारीमा नयाँ पदाधिकारी चयनबारे छलफल

प्रस, पर्सागढी, १८ असार/

सबैया साझेदारी वन कार्यालयको आयोजनामा शनिवार बैठक बसी छलफल भएको छ ।

सो वन उपभोक्ता समितिका अध्यक्ष लखनलाल साहको अध्यक्षतामा बसेको बैठकमा विभिन्न दलका प्रतिनिधि, वडाध्यक्ष, सामाजिक अगुवाहरूको सहभागिता थियो ।

बैठकमा अध्यक्ष साहले साझेदारीको अवधारणा नबुझी विभिन्न किसिमका उच्छृङ्खल कार्य भएकोले बैठक आयोजना गर्नुपरेको बताए । उनले पर्सा जिल्लामा तीनवटा साझेदारी वन रहेकोमा सबैया साझेदारी वन मात्र सक्रिय रहेको बताए । उनले सङ्घ र प्रदेश सरकारले साझेदारी वनसम्बन्धी नयाँ कानून निर्माण नगरेकाले निर्वाचन प्रक्रियामा जान नसकेको बताए । उनले कानून निर्माण भएको खण्डमा नयाँ पदाधिकारी चयनको लागि चुनावी प्रक्रिया अपनाउने बताए । उनले साझेदारी वन सञ्चालन र आर्थिक कारोबारलगायतमा कुनै त्रुटि भए सच्याउन सकिने र चित्त नबुझ्नेले कानूनी प्रक्रिया अपनाउन सक्ने बताए । उनले साझेदारी वनले गरेको कारोबारमा जिल्ला वन कार्यालयबाट विधिवत्रूपमा सूचना पाउन सक्ने बताए । उनले सबैखाले षड्यन्त्रविरुद्ध डटेर लड्न आफू तयार रहेको बताए ।

बैठकमा सहायक वन अधिकृत फरमान मियाँ, वडाध्यक्षहरू सुकमान तामाङ, धर्मेन्द्र चौधरी, पूर्ववडाध्यक्ष समसुद्दीन शाह देवानलगायतको सहभागिता थियो ।


तस्वीरः प्रतीक

## जनभावनाविपरीत काम.....

उनीहरूलाई कुटपिट गरिएपछि पीडितहरू जिल्ला अदालत, पर्सामा पुगेका थिए ।

चौहान पक्ष अदालतमा पुगेपछि चौरसिया पक्षले चौहानलाई पुनः दोस्रोपटक कुटपिट गरेको थियो । सोही घटनामा अदालतले दोस्रोपटक जनही १५ हजार रुपैयाँ जरिवाना गरेको हो ।

यस विषयमा निवर्तमान गापाध्यक्ष विजय चौरसियाले जिल्ला अदालत, पर्साले गरेको निर्णय सच्याउन माग गरे । आफू निर्वाचित भएको बेला नियम अनुसार बाटो बनाएकोमा कसैलाई मर्का परेको भए गापाको कार्यालयमा नपुगी सीधा अदालत गएको बताए ।


## गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

औंलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिसजस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपक्षीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपक्षीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड